# राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

## प्रथम पटक प्रकाशित मिति आश्विन १३, २०८३

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति आश्विन १२, २०८३ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई सादर अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : आश्विन २८, २०८३ (अक्टोबर १४, २०२६)
समय : बिहानको ९:०० बजे, बुधबार
स्थान : हिमशिखर पार्टी भेन्यू, चापागाउँ, ललितपुर ।

**२. छलफलको विषय :**

**क) विशेष प्रस्तावहरू**

१) जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

२) कम्पनीको चुक्ता पूँजीको १:०.२५१४११ अनुपातमा हुन आउने रकम रु. ३०,८१,२६,२००/- बराबरको ३०,८१,२६२ कित्ता (विद्युत नियमन आयोगबाट रु. ३०,८१,२६,२४५.३४/- रकम बराबरको ३०,८१,२६२ कित्ता हकप्रद शेयर निष्काशन गर्नका लागि स्वीकृति दिए पनि दशमलव शेयर संख्या आउने हुँदा नजिकको अंकमा परिवर्तन गरी हुने रकम रु. ३०,८१,२६,२००/-) हकप्रद शेयर निष्काशन गर्ने बारे ।

३) हकप्रद शेयर निष्काशनको सम्बन्धमा नियमनकारी निकायको निर्देशन र सुझाव अनुसारको कुनै कार्यहरु (प्रबन्धपत्र तथा नियमावलीको हेरफेर, परिमार्जन, संशोधन, समायोजन वा थपघट समेत) गर्नु परेमा वा हकप्रद शेयर निष्काशनका क्रममा कुनै बाधा अड्चन परेमा सो फुकाउनका लागि संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि खुल्ला रहने छ ।

२. विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आश्विन २०, २०८३ गते एक दिन बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति आश्विन १९, २०८३ सम्म कायम रहेका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनुपर्नेछ । संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको आधिकारिक प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा एक (१) दिन अगावै अर्थात आश्विन २७, २०८३ दिउँसो ३:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

५. विशेष साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ ।

६. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ ।

७. विशेष साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति आश्विन २७, २०८३ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्नेछ । लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

**संचालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**